**राष्ट्रिय मानव अधिकार आयोगद्वारा मिति २०७६/०७/२६ गते आयोजित 'आप्रवासी कामदारको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन' उद्घाटन समारोहमा**

**माननीय मन्त्री गोकर्ण विष्ट बाट व्यक्त हुने**

**सम्बोधन भाषण**

उद्घाटन समारोहका सभापतिज्यू,
प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनज्यू,
मा. परराष्ट्र मन्त्रीज्यू,
अतिथि तथा सहभागी सम्पूर्ण दाजुभाइदिदी बहिनीहरु।

आप्रवासी श्रमिकहरुको अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा सम्पन्न हुन गइरहेको यो महत्वपूर्ण क्षणमा खुसी व्यक्त गर्दै सम्मेलन सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

विश्वव्यापीकरण, जनसांख्यिक संरचनामा आएको परिवर्तन र आम मानिसहरुमा तुलनात्मक लाभयुक्त रोजगारीको अवसर खोज्ने प्रवृत्तिका कारण पछिल्ला दिनहरुमा अन्तर्राष्ट्रिय श्रम आप्रवासनमा जानेहरुको संख्या बृद्धि हुँदै गएको छ । हाल विश्वभर झण्डै अठ्ठाइस करोड मानिसहरु अन्तर्राष्ट्रिय आप्रवासनमा छन् । सो मध्ये झण्डै दुई तिहाई हिस्सा श्रम आप्रवासनको रहेको छ।

श्रम आप्रवासनका क्षेत्रमा पछिल्लो समयमा श्रमिकको हकअधिकार र सुरक्षा सम्बन्धी सवालले विश्वव्यापी रुपमा महत्व र प्राथमिकता पाएको छ । मर्यादित रोजगारीलाई दिगो विकास लक्षमा समावेश गरिनु तथा आप्रवासी श्रमिकलाई केन्द्रविन्दुमा राखेर तयार गरिएको (Global Compact for Migration) जिसिएमलाई विश्वका १५२ मुलुकहरुले स्वीकार गर्नुले यो तथ्यलाई उजागर गर्दछ । यद्यपि यो अवस्था स्वत: पैदा भएको नभै संयुक्त राष्ट्र संघको पहल र नेपाल जस्तै अन्य विभिन्न मुलुकहरुले द्विपक्षीय एवं बहुपक्षीय अन्तर्राष्ट्रिय मञ्चहरुमा निरन्तर रुपमा

गरेको पैरवी र सामूहिक प्रयासको परिणाम हो । र अझै पनि यस्ता मञ्चहरुलाई आप्रवासी श्रमिकको हितमा बढी भन्दा बढी उपलब्धीपूर्ण बनाउन ध्यान केन्द्रित गर्नु आवश्यक छ ।

श्रम आप्रवासन र आप्रवासी श्रमिकहरुको हक अधिकार सम्बन्धी विषयले जति जति विश्वव्यापी रुपमा प्राथिमकता पाउने छ त्यति नै श्रम आप्रबासनको क्षेत्रमा विश्वव्यापी रुपमा विकसित हुँदै आएका सिद्धान्त, मूल्य र मान्यताहरुको श्रमिकहरुले व्यवहारत् अनुभूत गर्ने गरी परिणाम देखा पर्नेछ ।

गरिबी, अभाव र बेरोजगारीका कारण घरपरिवार, समाज र मातृभूमिबाट रोजगारीको खोजीमा बाहिरिने नेपाली श्रमिकहरुलाई ठगी र शोषणबाट मुक्त गर्दै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, व्यवस्थित र पारदर्शी बनाउन नेपाल सरकारले विभिन्न नीतिगत, कानूनी र प्रणालीगत सुधारहरु अघि बढाएको छ र आवश्यकता बमोजिम यस्ता सुधारलाई निरन्तर जारी राखिनेछ । नेपालले श्रमिकको हितलाई केन्द्रमा राखेर विभिन्न देशहरुसँग दुई पक्षीय संझौता (BLA) र श्रम समझदारी (MOU) गरेको छ र अरु केही मुलुकसँग यसका लागि प्रक्रिया अगाडि बढाएको छ । हामीले वैदेशिक रोजगारीमा जाने नेपाली कामदारलाई शून्य लागतमा जान र आत्मसम्मानका साथ काम गर्न पाउने व्यवस्था लागू गर्न जोड दिइरहेका छौं । नेपाल सरकारले देशभित्र स्वदेशी वा विदेशी सबै श्रमिकलाई समान कामको समाज ज्याला र समान व्यवहारको नीति लागू गरेको छ । श्रम ऐनको अधिकार सबै श्रमिकका लागि समान रुपमा लागू हुने कुराको प्रत्याभूत गरेको छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी बन्न पाउने अधिकार स्वदेशी वा विदेशी सबै श्रमिकलाई समान रुपमा प्रत्याभूत गरेका छ । यस्ता सवालमा भिन्न नागरिकता वा राहदानीको आधारमा गरिने विभेदमा हामी विश्वास गर्दैनौ र कसैबाट पनि विभेद नहोस भन्ने हाम्रो अपेक्षा हो । यसर्थ विभिन्न गन्तव्य मुलुकमा काम गर्ने नेपाली श्रमिकहरुले पनि सोही देशका नागरिक सरह समान

कामका आधारमा समान सुविधा र सामाजिक सुरक्षाको अधिकार पाउनु पर्ने कुरालाई सुनिश्चित गर्न सरकारले निरन्तर पहल गरिरहेको छ ।

कतिपय गन्तव्य मुलुकहरुमा श्रमिकहरुले राहदानी आफ्नो साथमा राख्न नपाएका कारण स्वतन्त्र रूपमा आवत जावत गर्न नपाउनु, आफ्नो परिवारमा गम्भीर विरामी वा मृत्युको अवस्थामा समेत घर फर्किन नपाउनु, श्रम शोषण हुँदा समेत रोजगारदाता परिवर्तन गर्न नपाउनु, अत्यन्त जोखिममा पर्दा समेत भयवश चुपचाप रहन बाध्य हुनु, न्यूनतम् मानव अधिकारबाट समेत बन्चित हुनु  र महिला एवं घरेलु श्रमिकहरु अधिक जोखिममा रहने लगायतका सवालहरु मानव अधिकारका ध्यानाकर्षणका विषय हुन । आजको विश्व परिवेशमा जनावरको संरक्षण एवं हकहित प्रवर्द्धनका लागि समेत अन्तर्राष्ट्रिय महासन्धी र सिफारिस भएका सन्दर्भमा आप्रवासी श्रमिकहरुको मानवोचित व्यवहार र अधिकारको विषय स्थापित गर्न समेत कठिनाई हुनु केवल नेपाल सरकारको लागि मात्र हैन मानव अधिकारको क्षेत्रमा समेत विश्वव्यापी रुपमा गम्भीर चिन्ता र चुनौतीको विषय हो।

मानव जातिको लामो इतिहासमा विकसित भएका अन्य मानवीय उपलब्धीहरुसँगै श्रमिकहरुको जीवनमा समेत केही महत्वपूर्ण उपलब्धी हासिल भएका छन । तर अझै पनि श्रमिकहरु अत्यन्त जोखिम र आधारभूत अधिकारको समेत उपयोग गर्न नपाएका अवस्था विधमान छ । यसका लागि श्रमिकको पक्षमा पैरवी र उनीहरुको हक, हित र मानव अधिकार प्रवर्द्धन गर्न हामी सबैको इमानदारपूर्ण पहल र प्रतिवद्धता आवश्यक छ । यस विषयलाई आप्रवासनको क्षेत्रमा काम गर्ने व्यक्ति तथा संस्थाको मात्र नभइ विश्वव्यापी रुपमा आम नागरिकको सरोकारको विषय बनाउन सकिएमा मात्र हाम्रा सामूहिक प्रयासहरुले सार्थकता पाउन सक्नेछन् ।

विप्रेषण श्रम आप्रवासनको प्रत्यक्ष र तत्काल देखिने प्रतिफल भएकाले अन्तर्राष्ट्रिय श्रम आप्रवासन सम्बन्धी बहसमा यो विषय सधैं अग्रस्थानमा रहँदै आएको छ । तर श्रम आप्रवासनबाट सिर्जना हुने सामाजिक लागत जुन रुपमा गम्भीर बन्दैछ त्यसको यथोचित समीक्षा र विश्लेषण हुन सकिरहेको छैन । सामाजिक मूल्यको

विषयले समेत श्रम आप्रवासनको क्षेत्रमा हुने छलफल र सुधारको लागि प्रवेश पाउनु जरुरी छ ।

मानवअधिकारको क्षेत्रमा योगदान पुराइरहनु भएका विभिन्न मुलुकका प्रतिनिधिहरुले निकाल्ने निष्कर्ष र काठमाडौं घोषणाले श्रम आप्रवासन जस्तो बहुआयामिक विषयमा विश्वव्यापी रुपमा दिशाबोध गर्ने गरी सफलता प्राप्त गर्नेछ भन्ने विश्वास लिएको छु । अन्त्यमा, सम्मेलन सफलताको कामनासहित विदेशी पाहुनाहरुको नेपाल बसाइ सुखद रहोस् ।

धन्यवाद ।

गोकर्ण विष्ट

मन्त्री

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय